## रिब्दीकोट गाउँपालिका सामाजिक तथा आर्थिक विकास अन्तरगत कृषि/पशुसेवा शाखाको कार्यक्रम संचालन कार्यविधि,२०७७

**स्वीकृत मिति २०७७०७२६**

**पृष्ठभुमि :**

कुल ग्राहस्थ उत्पादनमा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजान पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखिबाट व्यवसायीकरण मा परिणत गर्न कृषकहरुको आयस्तरमा वृद्धि गरि पशुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मानिर्भर बनाउन समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि पशुपंक्षी उत्पादन, प्रशोधन तथा बजारीकरण गरी पशुपालक कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागी प्रदान गरिने सहयोग तथा कार्यक्रम लाई अझै बढि प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुऱ्याउन र पशुपालन व्यवसायलाई आर्थिक उपार्जन, स्वारोजगार प्रबर्द्धन एवं गरिबी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको ठोस योगदान पुऱ्याउन यस गाउँपालिकाको विभिन्न निति तथा कार्यक्रम लाई सहज, सरल र प्रभावकारी रुपमा संचालन गर्न रिब्दीकोट गाउँपालिकाले यो कार्यविधि "२०७७" जारी गरेको छ।

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१.यो कार्य विधिको नाम "कृषि/पशु सेवा कार्यक्रम सन्चालन कार्यविधी २०७७" रहेको छ।

२.यो कार्यविधि रिब्दीकोट गाउँकार्यपालिका बाट स्विकृत भएपछि तत्काल प्रारम्भ हुनेछ।

**२. परिभाष**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१."स्थानीय सरकार" भन्नाले रिब्दीकोट गाउँकार्यपालिका सम्झनु पर्दछ।

२."शाखा" भन्नाले पालिकाको कृषि/पशु सेवा शाखा सम्झनु पर्दछ।

३."कार्यालय" भन्नाले रिब्दीकोट गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

४."कार्यविधि" भन्नाले " कृषि/पशु सेवा कार्यक्रम सन्चालन "कार्यविधि" सम्झनु पर्दछ।

५."कार्यदल" भन्नाले गाउँपालिका पशुविकास कार्यक्रम छनौट तथा मुल्याङ्कन गर्न बनेको कृषि/पशु विकास कार्यदल सम्झनु पर्दछ।

**३.कार्य विधिको उद्देश्यहरु**

क. कृषि/पशुसेवा शाखाको कार्यक्रम संचालनमा सहयोग पुऱ्याउने।

ख. यस रिब्दीकोट गाउँकार्यपालिकाबाट विनियोजित रकमलाई पारदर्शी तरिकाबाट संचालन गर्न सहयोग पुग्ने।

ग. यस गाउँपालिकामा बसोवास गर्ने जनताको खाद्य तथा पोषणमा टेवा पुग्ने कार्यक्रम संचालनमा सहयोग गर्ने।

**४.कार्यक्रम संचालन स्थल** : कृषकको आवश्यकता र माग अनुसार कार्यक्रमको प्रकृति र सम्भाव्यता अनुसार रिब्दीकोगाउँपालिका सबै वडाहरुमा।

**गाउँपालिकास्तरिय पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यदल**

संयोजक : गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक

सदस्य : गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत

सदस्य : गाउँ कार्यपालिकाको लेखा अधिकृत

सदस्य : कृषि विकास संयोजक

सदस्य सचिव : पशु सेवा संयोजक

आ. सदस्य : गाउँपालिका अध्यक्ष

आ. सदस्य : गाउँ कार्यपालिकाको उपाध्यक्ष

**५.कार्यक्रम अनुगमन, मुल्याङ्कन तथा छनौट**
संयोजक : गाउँ कार्यपालिकाको उपाध्यक्ष
सदस्य : गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत
सदस्य : गाउँ कार्यपालिकाको लेखा अधिकृत
सदस्य : गाउँ कार्यपालिकाबाट मनोनित कार्यपालिकाको सदस्य मध्ये दुई जना
सदस्य सचिव : पशु सेवा संयोजक/कृषि संयोजक
आ. सदस्य : गाउँ कार्यपालिकाको अध्यक्ष

कार्यक्रम संचालन हुने वडाको वडाध्यक्ष उक्त वडाको कार्यक्रमको हकमा पदेन सदस्य रहने छन् ।
कार्यक्रमसंग सम्वन्धित निकायहरुको काम कर्तव्य र अधिकार :

## परिच्छेद १

फर्म दर्ता कार्यक्रम

रिब्दीकोट गाउँपालिकामा परम्परागत पशुपालन/कृषि व्यवसाय गर्दै आएका रिब्दीकोट गाउँपालिका अन्तरगतका कृषि/पशुपालन कृषकलाई व्यवसायिकरण गरि आधुनिक तरिकाबाट कृषि/पशुपालन गर्न उत्साहित गर्न बाझो रहेको खेतीयोग्य जमिनको सदुपयोग गरी बेरोजगार युवालाई बिदेशिनबाट रोकी स्वदेशमानै रोजगार श्रृजना गर्नका लागि यो कार्यविधि तयार गरिएको छ ।

**उद्देश्य :**
१. कृषि/पशुपंक्षी फर्म कृषि/पशुपंक्षी पालन समुह रिब्दीकोट गाउँपालिकाको कृषि/पशुसेवा शाखामा दर्ता अभिलेख राखी तिनीहरुको नियमन, प्रबर्द्धन र अनुगमन गर्न ।
२.गाउँपालिकाको गाउँसभाबाट स्वीकृत पशुपंक्षी फर्म प्रबद्धन र पशुपंक्षी वजार प्रबर्द्धन कार्यक्रमलाई प्रभाकारी रुपमा कार्यान्वन गर्न ।

## फर्म दर्ताको माप दण्ड :
## साना व्यवसायिक पशुपंक्षी फर्म

| क्र.सं. | पशुपंक्षीको किसिम | कृषि/पशुपंक्षी दर्ताको मापदण्ड |
|---|---|---|
| १ | गाईभैसी | ५ माउ दखि १० सम्म |
| २ | वंगुर | ५ देखि १० माउ सम्म |
| ३ | बाखा | १० देखि २० माथि |
| ४ | लोकल कुखुरा | ५० देखि १००माउ |
| ५ | ब्रोइलर, लेयर्स कुखुरा | ५०० |
| ६ | व्यवसायिक रुपमा कृषि तरकारी तथा फलफूल | कम्तीमा ३ रोपनी |

मझौला व्यवसायिक पशुपंक्षी फर्म

| क्र.सं. | पशुपंक्षीको किसिम | पशुपंक्षी दर्ताको मापदण्ड |
|---|---|---|
| १ | गाईभैसी | ११ देखि २० सम्म |
| २ | वंगुर | ११ देखि १० माउ सम्म |
| ३ | बाखा | २१ देखि ३० माथि |
| ४ | लोकल कुखुरा | १०१ देखि ५०० कुखुरा |

| | | |
|---|---|---|
| ५ | ब्रोइलर,लेयर्स कुखुरा | ५०१ देखि१५०० कुखुरा |

**ठुला व्यवसायिक फर्म**

| क्र.सं. | पशुपंक्षीको किसिम | पशुपंक्षी दर्ताको मापदण्ड |
|---|---|---|
| १ | गाईभैसी | २१  देखि माथि माउ |
| २ | वंगुर | २१ देखि माथि माउ |
| ३ | बाखा | ३१ देखि माथि माउ |
| ४ | लोकल कुखुरा | ५०० देखि माथि कुखुरा |
| ५ | ब्रोइलर,लेयर्स कुखुरा | १५०० देखि माथि |

**कृषि/पशुपंक्षी फर्म दर्ता प्रक्रिया**

१ निवेदन

२.२ प्रति पासफोर्ट साइजको फोटो

३.चौकिल्ला प्रमाणित पत्र र हस्ताक्षर गर्ने सदियारको नागरिकताको प्रतिलिपी

४.जग्गाको लालपुर्जाको प्रतिलिपी र भाडामा भए सोको सम्झौता पत्र र व्यक्तिगत वा संगोलमा भए मञ्जुरीनामा

५. फर्मको छाप

६.सम्बन्धित वडाको सिफारिस

७. वडा कार्यालयको सिफारिश

८. वडा प्राविधिकको सिफारिश

९. फर्मको फोटाहरु ।

**कृषि/पशुपंक्षी समुह दर्ता प्रक्रिया**

१.१५/२५ जना सदस्यको समुह गठन

२.समुह गठन, दर्ता, कोष संचालन सम्बन्धि ३ वटा वैठकले समुहबाट जिम्मेवारी किटान भएको व्यक्तिको नाम सम्बन्धि किटानको निर्णय र समुह दर्ता गरि पाउँ भन्ने निवेदन ।

३. समुहको विधान २ प्रति

४.समुहसदस्यहरुको व्यक्तिगत विवरण नागरिकता प्रतिलिपी

५.समुह अध्यक्षको पासपोर्ट साईजको २ प्रति फोटो

६.सम्बन्धित वडा कार्यालयको सिफासिर

७.समुहको छाप

**नोट :**

- दर्ता भएका फर्म, समुहलाई रिब्दीकोट गाउँपालिका कृषि/पशु सेवा शाखामा दर्ता गरि गाउँपालिकाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ ।
- दर्ता भएका फर्म, समुह प्रत्येक वर्षमा नविकरण गर्नुपर्ने छ ।
- दर्ता भएका फर्मको समय समयमा गाउँपालिकाले अनुगमन गर्ने छ र कानुन विपरित कामकाज गरेको पाईएमा तुरुन्त कारवाही प्रक्रियामा लगिनेछ ।
- नयाँ फर्म दर्ता शुल्क रु ५०० र नविकरण शुल्क रु २५० लाग्नेछ भने समयमा नविकरण नगरेमा आर्थिक समितिले तोके बमोजिम जरिवाना लाग्नेछ ।

## परिच्छेद २
## युवा लक्षित फर्म सुधार अनुदान कार्यक्रम

यस रिब्दीकोट गाउँपालिकाका कूल ग्रास्थ उत्पादनको दुई तिहाई भन्दा बढि कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढि जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागी यस क्षेत्रमा निर्भर रहने

भएकाले यस गाउँपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका रहेको स्पष्ट छ। यस गाउँपालिका बाट अत्यधिक मात्रामा आप्नो जिविको पार्जनको लागि उत्पादनशिल युवाहरु वैदेशिक श्रमबजारमा प्रवेश गरेका छन् । यसै सन्धर्वमा विश्वमाहामारी कोभिड १९ र विभिन्न कारण विदेश बाट फर्केका युवाहरुलाई कृषिक्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धिगर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आयआर्जन गराउने उद्धेश्यले युवा लक्षित कार्यक्रम अर्न्गत विशेष पशुपंक्षी फर्म सुधार गर्नका लागि यस गाउँपालिकाले आ.व. .................. मा युवालक्षित फर्म सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि तयार गरेको छ ।

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "रिब्दीकोट गाउँपालिका पशुपंक्षी युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ " रहेको छ ।

ख) यो कार्यविधि रिब्दीकोट गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

### २. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनुपर्दछ ।

२.२ "कार्यदल" भन्नाले गाउँपालिका पशुविकास कार्यक्रम छनौट तथा मुल्याङ्कन गर्न बनेको पशुविकास कार्यदल सम्झनु पर्दछ ।
४."कार्यविधि" भन्नाले " पशु सेवा कार्यक्रम संचालन कार्यविधि" सम्झनु पर्दछ ।

२.४) युवा भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका नेपाली नागरीक भन्ने बुझ्नु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) गाई, भैंसी, बाख्रा, बंगुर, लोकल कुखुरा पालन तथा पशुपन्छी बजार प्रवर्धन सम्बन्धि व्यवसाय संचालनको सहज,सरल र प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्न सहयोग पुर्याउने ।

ख रिब्दीकोट गाउपालिकाको पशुसेवा शाखाको पशुपंक्षी कार्यक्रम संचालनका नितिनियम वनाउन सहयोग गर्नेछ ।

### ४. युवा लक्षित विशेष पशुपंक्षी उत्पादन ( व्यवसायिक गाई,भैंसी र बाख्रा,वंगुर,लोकल कुखुरा पालन) कार्यक्रम संचालन प्रकृया

**क) कार्यक्रम अवधि** : आ.व. ............... सम्म संचालन हुनेछ ।

**ख) कार्यक्रम संचालन हुने स्थान** : व्यसायिक गाई, भैंसी र बाख्रा,वंगर,लोकल कुखुरा पालनका लागी संभावना  भएका यस रिब्दीकोट गाउँपालिकाका सम्पूर्ण वडा  ।

क)निवेदन दिने फार्महरु यस रिब्दीकोट गाउँपालिकामा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्ने छ ।

ख) आफ्नो फार्म, नियमित गाउँपालिकामा नविकरण गरेको हुनुपर्नेछ ।

ग) फार्ममा पालेका पशुपंक्षी विमा गरेको हुनुपर्ने छ ।

घ) गाउँपालिका बाट कुनै पनि अनुदान नपाएको फर्मलाई प्राथमिक्तामा राखिने छ ।

ङ) यस कार्यक्रम संचालनको लागि छनौटको जिम्मा कार्यक्रम अनुगमन तथा मुल्यांकन समितिलाई हुनेछ ।

च) सम्बन्धित वडाकार्यालयले फर्म छनौट गरी सम्झौताको लागि आवश्यक कागजात सहित सिफारिश गरी गा.पा.मा. पठाउनु पर्ने छ ।

यस कार्यक्रममा सहभागिका लागि पशुपंक्षीको मापदण्ड
१.गाइभैसी ५ माउ भन्दा माथि
२.वंगुर ५ माउ भन्दा माथि
३. बाखा १० माउ भन्दा माथि
४. लोकल कुखुरा ५० माउ भन्दा माथि
५.ब्रोइलर लेयर्स ५०० भन्दा माथि

**युवालक्षित फर्म सुधार अनुदान कार्यक्रमहरुको लागि तथा आर्थिक मापदण्ड निम्न बमोजिम रहेको छ ।**

| **कार्यक्रम विवरण** | **अनुदानमा समावेश गरिने क्रियाकलापहरु** | **गाउँपालिकाका बाट उपलब्ध गराइने अनुदान रकम** | **कैफियत** | |
|---|---|---|---|---|
| **बाख्रा फर्म सुधार कार्यक्रम** | खोर मर्मत तथा निर्माण,बोका खरिद, आवश्यक मेसिनरी खरिद,घाँसखेतीर बोका खरिदमा ५० प्रतिशत  कम्तिमा ४० किलो | स्वीकृत वजेटको परिधीमा रहेर प्राविधिकको स्टुमेन्ट को ५० प्रतिशत खोर निर्माण बोका खरिद अन्उ क्रियाकलामा रु २०,०००।- | स्थानिय दर रेट अनुसार आधिकारीक विल भरपाई फोटो हुनुपर्नेछ । | |
| **व्यवसायिक लोकल कुखुरा,टर्की,हास,लौकाट** | खोर निर्माण ,मेसिनरि खरिद ,बायोसेक्रेटरी व्यवस्थापन,दाना खाने भाडा खरिद | स्विकृत वजेको परिधीमा रहेर प्राविधिकको स्टुमेन्ट को ५० प्रतिशत रु १०,०००।- | स्थानिय दर रेट अनुसार विलभरपाई डोर हाजीर फोटोका पेश गनुपर्ने छ । | |
| **व्यवसायिक वंगुर** | खोर निर्माण,वंगुरको विर खरिद,मेसिनरी खरिद | स्वीकृत बजेटको परिधीमा रहेर प्राविधिकको स्टीमेटको ५० प्रतिशत रु २०,०००।- | दर्तावाला फर्मबाट खरिद विल डोर हाजिर फोटो पेश गर्नुपर्ने छ । | |

| | | | | |
|---|---|---|---|---|
| **व्यवसायिक गाईभैसी** | गोठ तथा भकारो निर्माण सुधार, उन्नत जातको गाई भैसी खरिद,मिल्क क्यान खरिद,घाँस खेती | स्वकृत वजेको परिधीमा रहेर प्राविधिकको स्टुमेन्ट र विलको को ५० प्रतिशत रु २५,०००।- | गाईभैसीको खरिद कार्यमा दर्तावाला फर्मको विल निर्माणकार्यमा डोर हाजिर विल भरपाई र फोटो पेश गर्नुपर्नेछ | |

## कार्यक्रम संचालन प्रक्रिया

कार्यक्रम : रिव्दीकोट गाउँपालिका सबै वडामा संचालन हुनेछ ।

१ युवालक्षित तर्फको व्यवसायिक फर्म सुधार कार्यक्रम संचालनका लागि गाउँपालिका स्तरीय पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यदल बाट निर्णय गर्नुपर्ने छ ।

रिब्दीकोट गाउपालिकाकाले अनुसुची १ बमोजिमको १५ दिनको म्याद राखी प्रथम पटक प्रस्ताव आव्हानको सुचना प्रकासन गर्नेछ । प्रथम पटक प्रकाशित सुचना मा प्रस्ताव नआएमा पुनः ७ दिने सुचना प्रकाशन गर्न सकिनेछ । तत्पश्चात सोझै कार्यक्रम संचालन गर्न संभव भएमा वाधा मानिने छैन ।

१. यस  गाउँपालिकामा दर्ता भएका व्यवसायिम पशुपंक्षी फर्महरु समावेश हुन सक्नेछन्

२. प्रस्तावहरुको मुल्यांकनका लागि दर्ता भएका प्रस्तावलाई  मुल्याङकन समितिमा पेश गरिनेछ । समितिले प्राप्त प्रस्तावनामा उल्लेख भए बमोजिमका विषयवस्तु कागजातको समेत तुलना गर्दै कार्यक्रम संचालन गर्नका लागि स्थलगत अवलोकन भ्रमणको प्रतिवेदनको आधारमा कार्यक्रम अनुगमन तथा मुल्याङ्गन समितिले छनौट गर्नेछ ।

३.वडा कार्यालय तथा पशु सेवा शाखा बाट सिफारिस भई आएका पशुपंक्षी फार्मको आवेदन ,प्रस्तावना उपर छानविन तथा मुल्याँकन गर्नका लागि तपशिल अनुसारको मुल्याँकन समिति रहने छ ।

**तपशिल :**

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष्य | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. लेखा अधिकृत | सदस्य |
| ४. कृषि विकास शाखा संयोजक | सदस्य |
| ५. गाउँपालिका पशु सेवा शाखा | सदस्य सचिव |
| ७. गाउँपालिका अध्यक्ष्य | आ. सदस्य |

४. छनौटको सुचना प्रकाशन गर्दा वैकल्पिक प्रस्तावकको नामावली प्रकाशन गर्नुपर्नेछ ।

५. छनौट भएका प्रस्तावले कार्यक्रम संचालनको लागि गाउँपालिकासंग द्धिपक्षीय संझौता गर्नुपर्ने छ ।

६. निर्माण सुधारको कार्य गर्नका लागि प्राविधिक स्टीमेट अनुसार प्रस्तावकले कार्यक्रम सम्पन्न गर्नुपर्ने छ ।

७.कार्यालयले सम्बन्धित फार्म स्थापना गर्ने कृषकलाई स्वीकृत कार्ययोजना अनुसार कार्य प्रगति सम्पन्न भएको अनुगमन मुल्याङ्कन प्रतिवेदन तथा सम्बन्धित वडाको सिफारिशको आधारमा जम्मा लागतको ५०% प्रतिशत अनुदान रकम निकासाको प्रक्रिया अगाडी बढाईने छ ।

रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली,पाल्पा

## प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०..... । .... ।.... गते

**यस** रिब्दीकोट गाउँपालिकाको .......... वार्षिक स्विकृत युवा लक्षित व्यवसायिक फर्म सुधार कार्यक्रम तर्फको यस गाउँपालिका भित्रका सबै वडाबाट काम गर्न इच्छुक, मापदण्ड पुगेका व्यावसायिक

पशुपंक्षी फार्मले आवश्यक कागजात संलग्न राखि ५०%लागत साझेदारीमा कार्यक्रम गर्न इच्छुक निजि फार्महरुले यो सुचना प्रकाशित भएको मितिले ... दिन भित्र पेश गर्नु हुन सम्बनिधत सबैको लागि यो सुचना प्रकाशित गरिएको र अनुसुची २ अनुसारको निवेदन सहितप्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.स. | कार्यक्रम | संख्या | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गाई भैसी फार्म सुधार कार्यक्रम | ८ गोटा | २५,०००।- | |
| २ | वंगुर फार्म सुधार कार्यक्रम | ८ वटा | २०,०००।- | |
| ३ | बाखा फार्म सुधार कार्यक्रम | ८ वटा | २०,०००।- | |
| ४ | लोकल कुखुरा ,हाँस,टर्कि,लौकाट | ८ वटा | १०,०००।- | |

१.अनुसुची २ अनुसारको निवेदन
२.फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि
३.अनुसुची ३ बमोजिमको कार्ययोजना
५.आ.व.को कर चुक्ता
६.सम्बनधित वार्ड को सिफारिस पत्र

प्रमुख प्रशासकीय अधिकृत

नोटः
१.यस कार्यक्रममा विगतका वर्षमा यस कार्यालयबाट कुनैपनि अनुदान कार्यक्रमा सहभागी नभएका फर्मलाई पहिलो प्राथमिकता दिइने छ ।

## अनुसूची- २

## व्यावसायिक पशुपंक्षी फार्मले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

**मिति**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

रिब्दीकोट गाउँपालिका
खस्यौली , पाल्पा ।

**विषय : युवा लक्षित व्यावसायिक फार्म सुधार अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मिति...................मा प्रकाशित सूचना अनुसार म पशुपंक्षी फार्म संञ्चालकले युवा लक्षित तर्फको व्यावसायिक पशुपंक्षी फार्म सुधार अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले अनुसुची ३ मा उल्लेख भए अनुसारको कागजात हरु संलग्न राखी यो निवेदन पेश गरेको छु । ................

**निवेदक :**
**नाम :**
**ठेगाना :**
**फार्मको नाम :**
**दस्तखत :**
**सम्पर्क नं.**

## अनुसुची ४

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना

कार्यक्रमको नाम :
ठेगाना :
जिल्ला : गा.पा. वार्ड नं. टोल
फार्मको नाम : संञ्चालको नाम :
१ व्यावसायको परिचय :
उद्धेश्यहरु :
३.पशुपंक्षी पालन व्यवसायको अनुभव :
४.व्यावसाय सञ्चालन भएको स्थानको संक्षिप्त विवरण :
५.व्यवसाय सञ्चालन का लागि रहेको पुर्वधार :
६. तालिम सम्बन्धि विवरण :

| क.सं. | कार्यक्रममा गरिने क्रियाकलाप | गा.पा.अनुदान रु. | लागत साझेदारी रु. | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

८. सञ्चालन हुने कार्यक्रमको बातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने )

९.उत्पादित वस्तुको बजार योजना :

१० थप आधारहरु :

- उपलब्ध जग्गाको क्षेत्रफल :
- कार्यक्रमको स्पस्टता :
- अपेक्षित वार्षिक प्रतिफल :

कार्ययोजना पेश गर्ने :
फार्म कृषको नाम :
ठेगानाः
दस्तखत :

## अनुसुची ४

## सम्झौता पत्रको ढाचा

**रिब्दीकोट गाउँपालिकाको कार्यालय खस्यौली, पाल्पा** (यसपछि प्रथम पक्ष भनिने) र व्यावसायिक पशुपंक्षी फार्म…………………….(यस पछि दास्रो पक्ष भनिने) विच युवा लक्षित तर्फको व्यावसायिक फर्म सुधार अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरियो ।

**तपसिल**

१. प्रथम पक्षले लागत साझेदारमा ……………..कार्यक्रमको लागि कुल लागत रु…………मध्ये अनुदान बापत रु ……………..(यस पछि दोस्रो पक्षलाई अनुदान रकम रु…… अनुदान सहयोग प्रदान गर्ने छ ।

२.दोश्रो पक्षले बाँकी रकमको व्यवस्था स्वयम दोस्रो पक्षले गरि जिल्ला………….. गाउँपालिका………वार्ड नं. ………टोल …………मा मिति २०...।……महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्तावना पत्र मुताविकको डिजाईन र इस्टमिट अनुसारको सम्पुर्ण कार्यहरु गुणस्तर कायम राखी सम्पन्न गर्नपर्ने छ ।

४. प्रथम पक्षले कुनैपनी बेला सञ्चालित फार्मको अनुगमन, निरिक्षण गरि सम्झौता मुताबिक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ ।

५.दोस्रो पक्षलाई सम्झौता मुताबिक डिजाईन, ईस्टिमेट अनुसार सम्पन्न गरि बिल भरपाई डोर हाजिर वडाको सम्पन्न सिफारिश पछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६.कार्यक्रमको दौरानमा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

७.दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्नेगरि अनिवार्य कार्यक्रमको नाम,ठेगाना तथा सहयोग निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।**

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत : | दस्तखत |
| नाम : | नामः |
| पदः | पदः |
| संस्था : | कार्यालय : |
| **रोहवर :** | **रोहवर :** |
| दस्तखतः | दस्तखत : |
| नामः | नाम : |
| पदः | पद : |
| संस्था : | संस्था : |

## परिच्छेद ३
## मागमा आधारित कार्यक्रम

### परिचय

रिब्दीकोट गाउँपालिकामा केहि कृषकहरु निर्वाहमुखि व्यवसाय बाट व्यवसायउन्मुख भएरहेका छन् यसरी व्यवसायउन्मुख र कोभिडका कारण विदेशबाट फर्केका युवा हरुलाई स्वदेशमा नै स्थापित गर्नका र स्थापित व्यवसायीक फर्महरुका लागि थप आवश्यक सहयोग गर्नका यस गाउँपालिकाको कार्यालयबाट केही अनुदान उपलब्ध गराई व्यवसायी निरन्तरता नयाँ विस्तारको निमित्त यो कार्यक्रम तयार गरिएको हो भने यो कार्यक्रमलाई प्रभावकारी, पारदर्शी बनाउनका लागी यो कार्यविधि तयार गरिएको छ ।

### २.उद्देश्य

**क.**पशु पालन व्यवसायलाई निरन्तरर्ताको लागि जोड दिने ।

ख. पशुपालन व्यवसायलाई व्यवसायकरण, प्रवर्द्धन तथा आधुनिकिकरण गर्ने ।

ग. पशुजन्य उत्पादनलाई गुणस्तर कायम गर्ने ।

घ. पशु तथा पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ङ. घाँसखेतिको विकास तथा विस्तार गर्ने ।

च. प्राकृतिक गर्भाधान गरि नश्ल सुधार गर्ने ।
छ. स्वदेशमानै रोजगारको सृजना गर्ने ।

| विषयगत व्यवसाय | अनुदानमा समावेश गरिने | कार्यक्रमको खर्च परिधि | कैफियत |
|---|---|---|---|
| व्यवसायिक फर्मका लागि बोका खरिद | उन्नत जातको ४० किलो बरावरको प्रति के.जी १००० दरले बोका खरिद | स्वीकृत वजेटको परिधीमा रहेर विलको आधारमा ५०प्रतिशत रु २०,०००।- | दर्तावाला सुचीकृत फर्मबाट खरिद गरेको हुनुपर्ने छ । |
| उन्नत राँगो वितरण | प्रजनन योग्य रागो खरिद | स्वीकृत वजेटको परिधीमा रहेर विलको आधारमा ५० प्रतिशत रु २५,०००।- | दर्तावाला सुचीकृत फर्मबाट खरिद गरेको हुनुपर्ने छ । |
| च्यापकटर वितरण व्यवसायिक फर्म | ईलेक्ट्रिक च्यापकटर खरिद | स्विकृत वजेटको परिधीमा रहेर विलको आधारमा ५०प्रतिशत रु २१,२००।- | सुचीकृत फर्मबाट खरिद गरेको हुनुपर्ने छ । |
| हिउदे घाँसको विउ वितरण | हिउदे घाँसको जै रु ८०। भेच रु.१३०।- वर्षिम रु.३५०। को दरले विउ खरिद गरि व्यवसायिक फर्म र विउ उत्पादन कृषकको लागि वितरण गर्ने | स्वीकृत वजेटको परिधीमा रहेर कृषकलाइ निःशुल्क वितरण गर्ने | आधिकारीक फर्म बाट खरिद गरेको हुनुपर्ने छ । |
| बर्षे घाँसको विउ वितरण | वर्षे घाँसको विउ स्टाइलो प्रति कि.लो रु १३,००। मलासेस प्रति केजी रु.३५०।र सुपरनेपीयर सेट प्रति सेट १० का दरले खरिद गरि व्यवसायिक फर्म र पहिरो ग्रस्त क्षेत्रको संरक्षण कृषक र नयाँनिर्मित बाटोको डिलमा छर्नका लागि वितरण | स्वीकृत वजेटको परिधीमा रहेर कृषकलाइ निःशुल्क वितरण गर्न | स्थानीय दर रेट अनुसार हुनुपर्ने छ । |
| ह्याचरी मेसिन वितरण | चल्ला उत्पादन गर्ने ह्याचिङ्ग मेशिन खरिद | स्वीकृत वजेटको परिधीमा रहेर आधिकारीक विलको ५० प्रतिशत रु.१,००,०००।- | चल्ला उत्पादक फर्मले आधिकारीक फर्म बाट खरिद गरेको हुनुपर्ने छ । |
| एनालाईजर मेसिन वितरण | दुग्ध उत्पादन सहकारी संस्था तथा दुग्ध उत्पादन संकलन केन्द्रलाई एनालाईजर मेशिन खरिद तथा वितरण | स्वीकृत वजेटको परिधीमा रहेर आधिकारीक विलको ५० प्रतिशत रु६०,०००।- | आधिकारीक फर्म बाट खरिद गरेको हुनुपर्ने छ । |
| मिल्क क्यान वितरण | व्यवसायिक गाईभैसी फर्मलाई मिल्क क्यान वितरण | स्विकृत वजेटको परिधीमा रहेर आधिकारीक विलको ५० प्रतिशत रु.३,८७५।- | दर्ता वाला गाई भैसी फर्मले आधिकारी फर्मबाट खरिद गरेको हुनुपर्ने छ । |

**कार्यक्रम संचालन प्रक्रिया**

१ मागमा आधारित कार्यक्रम संचालनका लागि कार्यक्रम कार्यदल गठन गरि कार्यक्रम संबन्धमा निर्णय गरिने छ ।

२.कार्यक्रम : रिव्दीकोट गाउँपालिका सबै वडामा संचालन हुनेछ ।

३.रिब्दीकोट गाउपालिकाकाले अनुसुची १ को बमोजिमको १५ दिनको म्याद राखी प्रथम पटक प्रस्ताव आव्हानको सुचना प्रकाशन गर्नेछ । प्रथम पटक प्रकासित सुचना मा प्रस्ताव नआएमा पुनः ७ दिने सुचना प्रकाशन गर्न सकिनेछ । तत्पश्चात सोझै कार्यक्रम संचालन गर्न संभव भएमा वाधा मानिने छैन ।

४. मागमा आधारित कार्यक्रम संचालनमा फर्मको हकमा यस गाउँपालिकामा दर्ता भएका व्यवसायिक फर्महरु सहकारीको हकमा नेपालको सहकारीको ऐन नियम अनुसार दर्ता भई दुधको कारोवार गरेको भएको र कृषकको हकमा सम्बन्धित कार्यक्रममा निरन्तरता दिएको कृषक समावेस हुन सक्नेछन् ।

२. प्रस्तावहरुको मुल्याङकनका लागि दर्ता भएका प्रस्तावलाई मुल्याङकन समितिमा पेश गरिनेछ । समितिले प्राप्त प्रस्तावनामा उल्लेख भए बमोजिमका विषयवस्तु कागजातको समेत तुलना गर्दै कार्यक्रम संचालन गर्नका लागि स्थलगत अवलोकन भ्रमण प्रतिवेदनको आधारमा आन्तरिक छानविनको लागि मुल्याङकन समितिको वैठक बसी छनौट गर्नेछ ।

३.वडा कार्यालय र पशु सेवा शाखाबाट सिफारिश भई आएका पशुपंक्षी फार्मको आवेदन ,प्रस्तावना उपर छानबिन तथा मुल्यांकन गर्नका लागि तपशिल अनुसारको मुल्याँङ्कन समिति रहने छ ।

**तपशिल :**

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. लेखा अधिकृत | सदस्य |
| घ. गाउँपालिका पशु सेवा शाखा | सदस्य सचिव |
| ङ. गाउँपालिका अध्यक्ष | आ.सदस्य |

४. छनौटको सुचना प्रकाशन गर्दा वैकल्पिक प्रस्तावकको नामावली प्रकाशन गर्नुपर्नेछ ।

५. छनौट भएका प्रस्तावले कार्यक्रम संचालनको लागि गाउँपालिका संग द्धिपक्षीय अनुसुची ४ बमोजिम संझौता गर्नुपर्ने छ ।

६. निर्माण सुधारको कार्य गर्नका लागि प्राविधिक इस्टिमेट अनुसार प्रस्तावकले कार्यक्रम सम्पन्न गर्नुपर्ने छ ७.कार्यालयले सम्बन्धित फार्म स्थापना गर्ने कृषकलाई स्वीकृत कार्ययोजना अनुसार कार्य प्रगति सम्पन्न भएको अनुगमन मुल्याङ्कन प्रतिवेदन तथा सम्बन्धित वडाको शिफारिसको आधारमा जम्मा लागतको ५०% प्रतिशत अनुदान रकम निकासाको प्रक्रिया अगाडी बढाईने छ ।

अनुसुची १

रिब्दीकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खस्यौली,पाल्पा

## प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०.... । .... ।.... गते

**यस** रिब्दीकोट गाउँपालिकाको ................ वार्षिक स्वीकृत मागमा आधारित कार्यक्रम तर्फको यस गाउँपालिका भित्रका सबै वडाबाट काम गर्न इच्छुक, मापदण्ड पुगेका व्यावसायिक पशुपंक्षी फार्म,कृषकहरुले आवश्यक कागजात संलग्न राखि निजि फार्म कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले ... दिन भित्र पेश गर्नु हुन सम्बनिधत सबैको लागि यो सुचना प्रकाशित गरिएको र अनुसुची २ अनुसारको निवेदन सहितप्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | कार्यक्रम | संख्या | लागत सहभागिता | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक फर्मका लागि उन्नत बोका वितरण | ८ वटा | ५०% | रु.२०,०००।- | |
| २ | उन्नत जातको राँगो वितरण | ४ वटा | ५०% | रु.२५,०००।- | |
| ३ | इलेक्ट्रिक च्यापकटर वितरण (व्यवसायिक फर्म) | ८ वटा | ५०% | रु.२१,२५०।- | |
| ४ | ह्याचरी मेशिन वितरण(चल्ला उत्पादन ह्याचरि) | ३ गोटा | ५०% | रु.१,००,०००।- | |
| ५ | यनालाईजर मेसिन वितरण(दुग्ध उत्पादन सहकारी तथा संकलन केन्द्र) | ८ गोटा | ५०% | रु.६०,०००।- | |
| ६ | व्यावसायिक फर्मको लागि क्यान वितरण ४०लि. | ८ | ५०% | ३,८७५।- | |

१. मासु पसल, सहकारी तथा निजि फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२.सम्बन्धित वडाको सिफारिश पत्र
३.सहकारी र निजि फर्मको हकमा गत आ.वा.को कर चुक्ता प्रमाण पत्र
४.कर छुट भएको भए सम्बन्धीत कार्यालयको प्रमाणपत्रको प्रतिलिपि
५.सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागीताको लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
६. जग्गाधनी प्रमाणपत्रको प्रतिप्रति
७. अन्य आवश्यक कागजातहरु

प्रमुख प्रशासकीय अधिकृत

नोटः

१.यस कार्यक्रममा विगतका वर्षमा यस कार्यालय बाट कुनैपनि अनुदान कार्यक्रममा सहभागी नभएका फर्मलाई पहिलो प्राथमिकता दिइने छ ।

**अनुसूची- २**

**व्यावसायिक पशुपंक्षी फार्मले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा**

**मिति**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँपालिका
खस्यौली , पाल्पा ।

**विषय : मागमा आधारित कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मिति....................मा प्रकाशित सूचना अनुसार मागमा आधारित कार्यक्रम अनुसार उन्नत/ जातको बोका,/राँगो/इलेक्ट्रिकच्यापकटर/ह्याचरी मेशिन/यनालाईजर/क्यानवितरण तर्फको..................अनुदान कार्यक्रममा समावेश हुन चाहना भएकाले अनुसुची ३ बमोजिमको कार्ययोजना मा उल्लेख भए अनुसारको कागजात हरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक :
नाम :
ठेगाना :
फार्मको नाम

:

दस्तखत :

सम्पर्क नं.

# अनुसुची ४

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना

कार्यक्रमको नाम :

ठेगाना :

जिल्ला : गा.पा. वार्ड नं. टोल

फार्मको नाम : संञ्चालको नाम :

१ व्यावसायको परिचयल:

उद्देश्यहरु :

३.पशुपंक्षी पालन व्यवसाय अनुभव :

४.व्यावसाय सञ्चालन भएको स्थानको संक्षिप्त विवरण :

५.व्यवसाय सञ्चालनका लागि रहेको पुर्वधार :

६. तालिम सम्बन्धि विवरण :

७.सहकार्यमा संञ्चालन गरिने प्रस्तावित कार्य विवरण :

| क्र.सं. | संचालन गरिने कार्यक्रम | अनुदान रु | निजी लगानी | अन्य निकायबाट हुने अनुदान | जम्मा लगानी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

८. सञ्चालन हुने कार्यक्रमको बातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने )

९.उत्पादित वस्तुको बजार योजना :

१० थप आधारहरु :

- उपलब्ध जग्गाको क्षेत्रफल :
- कार्यक्रमको स्पष्टता :
- अपेक्षित वार्षिक प्रतिफल :

कार्ययोजना पेश गर्ने :

फार्म कृषकको नाम :

ठेगाना:

दस्तखत :

## अनुसुची ५
## सम्झौता पत्रको ढाचा

**रिब्दीकोट गाउँपालिकाको कार्यालय खस्यौली, पाल्पा** (यसपछि प्रथम पक्ष भनिने) र व्यावसायिक पशुपंक्षी फर्म, कृषक.........................(यस पछि दोस्रो पक्ष भनिने) मागमा आधारित अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरियो ।

**तपसिल**

१. प्रथम पक्षले लागत साझेदारमा ................कार्यक्रमको लागि कुल लागत रु............मध्ये अनुदान बापत रु .................(यस पछि दोस्रो पक्षलाई अनुदान रकम रु...... अनुदान सहयोग प्रदान गर्ने छ ।

२.दोश्रो पक्षले बाँकी रकमको व्यवस्था स्वयम दोस्रो पक्षले गरि जिल्ला............. गाउँपालिका........वार्ड नं. ........टोल ............मा मिति २०...।....।...महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावना पत्र मुताविकको प्राविधिक मापदण्ड अनुसारको सम्पुर्ण कार्यहरु गुणस्तर कायम राखी सम्पन्न गर्नपर्ने छ ।

४. प्रथम पक्षले कुनैपनी बेला सञ्चालित फार्म पशुपालन कृषकको अनुगमन, निरिक्षण गरि सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ ।

५.दोस्रो पक्षलाई सम्झौता मुताबिक प्राबिधिकको मापदण्ड अनुसार सम्पन्न गरि विल भरपाई वडाको सम्पन्न सिफारिश पछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६.कार्यक्रमको दौरानमा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

७.दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्नेगरि अनिवार्य कार्यक्रमको नाम, ठेगाना तथा सहयोग निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।**

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत : | दस्तखत |
| नाम : | नामः |
| पदः | पदः |
| संस्था : | कार्यालय : |
| **रोहवर :** | **रोहवर :** |
| दस्तखतः | दस्तखत : |
| नामः | नाम : |
| पदः | पद : |
| संस्था : | संस्था : |

# परिच्छेद ४
# पशुपंक्षी स्वास्थ्य सेवा कार्यक्रम

परिचयः

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पतीको रुपमा हेरिदै आएको वर्तमान परिपेक्षमा रिब्दीकोट गाउँपालिकामा हाल पशुसेवा शाखाबाट र वडा नं १ र ८ मा एक गाउँ एक प्राविधिक मार्फत पशुस्वास्थ्य सेवा प्रवाह गरिदै आएको छ । गाउँपालिकाको पशुपालन व्यवसाय बाट हुने क्षतिलाई न्युनिकरण गर्नका लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो पशुस्वास्थ्य सेवाबाट बञ्चित कृषक समुदाय सेवा प्रवाह गर्ने अभिप्राय ले रिब्दीकोट गाउँपालिका ले यो कार्यक्रम सहज, सरल, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न यो कार्यविधि जारी गरेको छ ।

**२. उद्देश्य :**

क. रिब्दीकोट गाउँपालिकाको पशुस्वस्थ्य सेवा कार्यक्रम प्रभावकारी रुपमा सन्चालन गर्ने ।

ख.व्यवसायी पशुपालक कृषक उद्यमीहरुलाई आवश्यक पर्ने सम्पुर्ण पशु स्वास्थ्य सेवा (उपचार,खोप सेवा,गाइनोकोलोजिकल सेवा, रोग निदान,सर्जिकल सेवा आदि) पशु स्वास्थ्य प्राविधिक र पशु सेवा शाखा बाट उपलब्ध गराउने ।

ग.पशुपंक्षिको रोगहरु को निदान उपचार र नियन्त्रणमा सहयोग गर्ने ।

घ. पशुस्वास्थ्य तथा भेटेरीनरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने ।

ङ.पशुपंक्षीमा लाग्ने माहामारी रोग नियन्त्रणमा जोड दिने ।

**३. कार्यक्रम संचालन प्रक्रिया**

**१.**कार्यक्रम सन्चालन गर्नुपूर्व खरिद समितीको बैठक बसी कार्यक्रम संचालन सम्वन्धि निर्णय गर्नेछ । गाउँपालिकामा सुचिकृत भएका फर्महरुबाट मूल्य सुची माग गर्ने निर्णय गर्नेछ ।

२.मूल्य सुची सम्बन्धी सुचना ७ दिनको म्याद राखी सुचिकृत फर्महरुलाई गाउँपालिकाबाट पत्राचार गरिने छ ।

३.गाउँपालिकामा दर्ता भएका पशुपंक्षी औषधीको मूल्य सुचीहरुलाई पुनः खरिद समितिको बैठक बसी मुल्य सुचीहरुलाई तुलनात्मक अध्ययन गर्दै आर्थिक रुपले कम ग्राह्यता देखिएको फर्मबाट पशुपंक्षी औषधी खरिद गर्ने निर्णय गरिने छ ।

**४.** गाउँपालिकाले पशुपंक्षी औषधी खरिद गर्नका लागि आर्थिक रुपले कम परेको गाउँपालिकामा सुचीकृत फर्मलाई पत्राचार गर्नेछ ।

५. रिब्दीकोट गाउँपालिकाले पशुसेवा शाखा र वडा प्राविधिकबाट पशु स्वास्थ्य सेवा संचालन तपशिल बमोजिमका पशुपंक्षी उपचारको औषधी खरिद तथा वितरण गर्ने छ ।

नियमन पशुपंक्षी उपचारको लागि आवश्यक औषधी तथा उपकरण हरु :

| क.सं. | विवरण | स्पेसिफिकेसन | इकाई | कैफियत |
|---|---|---|---|---|
| 1 | Tharmomiter | Digital | pice | |
| 2 | Siger/Forcep | l/s | pice | |
| 3 | Guj/cotten | 400gm | pacet | |
| 4 | AI sheeth /glove | 100 pice | paket | |
| 5 | Oxanide bolus 3000mg | 4bolus | box | |

| | | | | |
|---|---|---|---|---|
| 6 | Albendazole | 5liter | jar | |
| 7 | Zanidle tab 225mg | 10 tab | box | |
| 8 | Mediprim | 4bolus | box | |
| 9 | Tetracycline | 4bolus | box | |
| 10 | Meloxy cam bolus | 4bolus | box | |
| 11 | Needo bolus | 6bolus | box | |
| 12 | Enron tab | 10tab | box | |
| 13 | Shalpha bolus | 4bolus | box | |
| 14 | heat set | 4tab | box | |
| 15 | tompol power | 100gm | pice | |
| 16 | Cofnil power | 100gm | pice | |
| 17 | dairok power | 100gm | pice | |
| 18 | Myagnecum shalphet | 400gm | pacet | |
| 19 | Agriphalamine | 100gm | bottal | |
| 20 | potas | 30gm | pice | |
| 21 | Boric acid | 30gm | pice | |
| 22 | Betadine | 100ml | bottal | |
| 23 | tinchar iodine | 500ml | bottal | |
| 24 | Phinail | 500ml | bottal | |
| 25 | Cofiqu tab | 20tab | box | |
| 26 | Alum sodium bI carbonet | 100gm | paket | |
| 27 | Cortimoxazole | 4bolus | box | |
| 28 | Albendazole tab | 150mg | box | |
| 29 | Bailact bolus | 4bolus | box | |
| 30 | Rumen bolus | 4bolus | box | |
| 31 | Dexamethasone inj | 10ml | vail | |
| 32 | B-complex inj | 100ml | vail | |
| 33 | Zeet inj | 100ml | vail | |
| 34 | himex,charmil,damex | 25gm/50gm | pice | |
| 35 | Hisporine power | 100gm | pice | |
| 36 | Gentamycine inj | 30ml | vail | |
| 37 | Enrofloxaciline inj | 100ml | vail | |
| 38 | PPf La inj | 100ml | vail | |
| 39 | Meloxicam inj | 100ml | vail | |
| 40 | Lab Related Equpment | - | | |
| 41 | Febendazole | 150mg | box | |
| 42 | TT oil | 100ml | bottal | |
| 43 | Ivarmecting inj | 100ml | vail | |

| | | | | |
|---|---|---|---|---|
| 44 | Syrinj | 20ml/10ml,5ml | pice | |
| 45 | Nedeel | 18mm | pice | |
| 46 | fmd vaccine | | | |
| 47 | HSBQ vaccine | | | |
| 48 | Revis vaccine | | | |

५.फर्मबाट तोकिए बमोजिमको पशुपंक्षी औषधी गाउँपालिकामा रुजु गरि सकेपछि मात्र गाउँपालिकाले भुक्तानीलाई अगाडि वढाउने छ ।

६.रिव्दीकोट गाउँपालिका अन्तर्गत रहेका पशुपंक्षीहरुलाई आवश्यक मात्रामा निःशुल्क पशुपंक्षी औषधी वितरण गरिने छ ।